भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं.-१
बिराटनगर, नेपाल

३. दुध संकलन गर्ने केन्द्र वा सहकारीले आफ्ना सदस्यहरुले लक डाउनका कारण दुध बिक्री हुन नसकेको किसानको नाम नामेसी सहितको दुधको परिमाण ( १ र २ फरक अनुसार)

घ. प्रदेश बाहिर धुलो बनाउन लगेको दुधको हकमा/ चिज वा छुर्पी वा खुवा बनाउने उद्योगहरुको हकमा

१. दुध प्रसोधन गरी धुलो दुध बनाउनका लागि प्रदेश बाहिर दुध ढुवानी गरी लगेमा दुध प्रसोधन गरी धुलो बनाउन लैजाने सहकारी संस्थाको वा डेरीको ढुवानी गरी प्रदेश बाहिर लगेको दुधको परिमाण खुलेको कागजात वा धुलो दुध उत्पादकले जारी गरेको धुलो दुधको परिमाइ खुलेको कागजात।

२. दुध प्रसोधन गरी चिज वा छुर्पी वा खुवा बनाउने उद्योगहरुको हकमा लक डाउन अवधिमा उल्लेखित वस्तुको उत्पादन र बिक्रि परिमाण खुल्ने उत्पादकको आर्थिक प्रतिवेदन ।

ङ. चियाको हरियो पत्ती

➢ सहकारी तथा समूहगत रुपमा साना किसानहरुले उत्पादन गरेको चियाको हरियो पत्ती लकडाउनका कारण टिप्न नसकेको प्रमाणित भएको अवस्थामा गत बर्ष सोही समयमा किसानको नाम ठेगाना र हरियो पत्तीको उत्पादन गरी बिक्री गरेको परिमाण खुल्ने समूह सहकारी वा प्रसोधन उद्योगको आधिकारीक रेकर्डको प्रमाणित प्रति ।

च. तरकारी तथा फलफूल

१.तरकारी तथा फलफूलको लक डाउनका कारण क्षति भएको परिमाण खुलेको वडा कार्यालयको सिफारिस तथा प्रमाण

२. आगामी सिजनमा गर्ने व्यवसायको सक्षिप्त स्पष्ट योजना वा उक्त अविधिमा सो व्यवसाय सम्बन्धि कार्य सूरु गरेको भए सो (सामग्री खरिदको बिल/बिजक आदि कागजात) को प्रमाण ।

छ. च्याउ बालीका हकमा

➢ च्याउको क्षति भएको परिमाण खुलेको विवरण र प्रतिकिलो साठी रुपैयाका दरले हुन आउने रकम खुलेको विवरण

ज. मत्स्य उत्पादकको हकमा

➢ लक डाउन अवधिको विद्युत महशुल खुलेको कागजातको प्रमाण

ब्याज अनुदान का लागि

माथि निवेदन दिनेहरुले ब्याज अनुदान फारम भर्न पाँउने छैनन । यसमा निवेदन दिन क्षति भएको वडा कार्यालयको आधिकारीक सिफारिस पत्र / प्रहरी मुचुल्का अनिवार्य समावेश हुनुपर्नेछ ।

१. बैंकले ऋण उपलब्ध गराएको तथा लकडाउन अवधिको ब्याज रकम खुलेको बैंक वा ऋणदाता संस्थाको प्रमाणित प्रतिलिपी

२. चार महिनाको ब्याज रकम खुलेको कागजात

| क सं | कुल ऋण रकम | ब्याज अनुदान | कैफियत |
|---|---|---|---|
| १. | पाँच लाख रुपैया लाख सम्म | अधिकत्तम बाह्र प्रतिशत ब्याजदरले हुने रकम मात्र | बाह्र प्रतिशत भन्दा बढीको ब्याज ऋणी स्वयंले व्यहोर्ने |
| २. | पाँच लाख रुपैया लाख भन्दा माथि पन्ध्र लाख रुपैया सम्म | ब्याज रकमको पचाश प्रतिशत वा छ प्रतिशत ब्याजदरले हुने रकम (जुन कम हुन्छ) | |
| ३. | पन्ध्र लाख रुपैया भन्दा माथि तीस लाख रुपैया सम्म | ब्याजको चालीस प्रतिशत वा पाँच प्रतिशत ब्याजदरले हुने रकम (जुन कम हुन्छ) | |